नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान

(बुटवल, रुपन्देही)

## अटोमेकानिक्स (अटोमोवाईल) को आशयपत्र माग सम्बन्धि सूचना

दोश्रोपटक प्रकाशित मिति : २०७७।११।२

यस प्रतिष्ठानको चालु आ.व.२०७७/०७८ को स्विकृत वार्षिक तालिम कार्यक्रमको संचालनको लागि मिति २०७७।०८।३० गतेको मेचीकाली राष्ट्रिय दैनिकमा तालिम प्रदायक संस्थाहरुलाई सार्वजनिक खरिद ऐन २०६३ को दफा ३० बमोजिम खुला आशयपत्रको सूचना आब्हान गरिएकोमा अटोमेकानिक्स (अटोमोवाईल) विषयमा म्याद भित्र प्राप्त भएका आशयपत्रहरुको मूल्यांकन हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ३० को उपदफा ५ अनुसार उक्त ट्रेडमा आवश्यक संख्यामा आशयपत्रदाताहरु सुचीकृत नभएको हुनाले ७ दिन भित्र आशयपत्र पेश गर्नु हुन योग्यता पुगेका ईच्छुक तालिम प्रदायक संस्थाहरुलाई यो सूचना आवह्वान गरिन्छ ।

तपशिल

| सि.नं. | तालिमको विषय | तालिमको अवधि | प्रशिक्षार्थी संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | अटोमेकानिक्स (अटोमोवाईल) | ३९० घण्टा | ८० | |

योग्यता :

१. नेपाल सरकारको आधकारीक निकायमा संस्था दर्ता भएको हुनु पर्नेछ ।
२. मूल्य अधिवृद्धी कर वा स्थायी लेखा दर्ता प्रमाणपत्र लिएको हुनु पर्नेछ ।
३. आफुले संचालन गर्न चाहेको तालिमको कम्तिमा ३ वर्षको अनुभवका प्रमाणहरु पेश गर्नु पर्नेछ ।
४. आ.ब.२०७६/०७७ को कर चुक्ता गरेको प्रमाण पत्र पेश गर्नु पर्नेछ ।
५. आफुले संचालन गर्न चाहेको तालिम संचालन गर्न प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् (CTEVT) बाट सम्बन्धन प्राप्त गरी चालु आ.व.मा नविकरण भएको हुनुपर्नेछ ।
६. संयुक्त उपक्रम (Joint Venture) को हकमा अपसी संझौता (MOU) भएको हुनु पर्नेछ ।
७. तालिम संचालन गर्न कुनै सरकारी निकायले रोक नलगाएको (कालो सुचीमा नपरेको) स्वघोषणा पत्र संलग्न हुनु पर्नेछ ।
८. पेश भएका कागज प्रमाणहरु मध्ये कुनै वा सवै कागज प्रमाणहरु गलत, नक्कली वा फर्जि ठहरिएमा त्यसको पूर्ण जिम्मेवारी सम्बन्धित संस्थाको हुनेछ ।
९. आसयपत्रदाताको पुरा ठेगाना, फोटो फिचर, सम्पर्क गर्ने आधिकारीक ब्यक्ति एवं निजको सम्पर्क नम्वर समेत खुलाउनु पर्नेछ ।
१०. आसयपत्र पेश गर्न ईच्छुक सस्थाको आधिकारिक ब्यक्ति स्वयं उपस्थित भई मिति २०७७।११।७ गते दिनको ५.०० बजे भित्र यस कार्यालयमा दर्ता गराउन पर्नेछ ।
११. मिति २०७७।११।७ गतेका दिन दिनको ५:३० बजेको समयमा सिलवन्दी आसयपत्रहरु नियमानुसार खोलिनेछ ।
१२. चालु आ.व.मा उपरोक्त विषयमा सुचीकृत भएको संस्थाले पुनः आशयपत्र पेश गर्नुपर्ने छैन ।

नोट :- तालिम संचालनका सन्दर्भमा नेपाल सरकारले तोके बमोजिम र अन्य कुराहरु सम्बन्धी सम्पुर्ण अधिकार यस प्रतिष्ठानमा निहित रहनेछ ।

अन्य : जानकारीको लागि सम्पर्क नं. :- ०७१-५४०१३८,

शाखा अधिकृत